# मर्चवारीमाई गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ९ संख्याः २ मितिः २०८२/०९/२५


# भाग-२

## मर्चवारीमाई गाउँपालिका, खैरा, रुपन्देही

# सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

**प्रस्तावना** : नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गत आवासको अधिकार सम्वन्धी ऐन, २०७५ बमोजिम उपयुक्त, सुरक्षित र वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्न गरिबीको रेखामुनी रहेका, प्रकोपका कारण घरवार विहिन भएका घर परिवारहरुले सुरक्षित आवास निर्माण आफैले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामाग्री खरिदको लागि र गरिबीको रेखामुनी रहेका, पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी सुरक्षित नागरिक आवास निर्माणको लागि कार्यान्वयन गर्न वाञ्छानीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी मर्चवारीमाई गाउँपालिकाले देहायको कार्यविधि बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

(क) यस कार्यविधिको नाम सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२ रहेको छ ।

(ख) यो कार्यविधि मर्चवारीमाई गाउँपालिकाबाट पारित भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) गाउँपालिका भन्नाले मर्चवारीमाई गाउँपालिकालाई सम्झनुपर्छ ।

(ख) छनौट तथा कार्यान्वयन समिति भन्नाले दफा १० को उपदफा (क) बमोजिम गठन भएको समिति सम्झनुपवर्छ ।

(ग) सुरक्षित नागरिक आवास भन्नाले आगलागि तथा हावापानी थेग्न सक्नेगरी निर्माण गरिएका काठ इटा, ढुंगा ल्वक पराल खर बाहेकका छानायुक्त आवासीय भवन सम्झनुपर्छ

(घ) लाभग्राही भन्नाले दफा ५ बमोजिम छनौट भएको लाभग्राही घरधनी लाई सम्झनु पर्दछ ।

(ड) लक्षित वर्ग भन्नाले पहिचान भएका गरिबीको रेखामुनी रहेका पराल वा खरको छाना भएका घर परिवार र प्रकोपका कारण घरवार विहिन भएका परिवार सम्झनुपर्छ ।

## परिच्छेद २
## लक्षित वर्ग घर परिवार पहिचान र कार्यक्रम कार्यान्वयन स्थान

**३. कार्यक्रम संचालन स्थान**

(क) सुरक्षित नागरिक आवासका लागि अनुदान कार्यक्रम मर्चवारीमाई गाउँपालिकाको ७ वटै वडाहरुमा संचालन गरिनेछ ।

(ख) कार्यक्रम संचालन स्थान पहिचान गर्दा सम्भव भए सम्म विपन्न परिवारको एकिकृत आवास निर्माणमा जोड दिइनेछ ।

(ग) यथास्थानमा पुनःनिर्माण गरिने सुरक्षित नागरिक आवासलाई प्राथमिकता दिने गरि निर्माण गरिनेछ ।

(४) सुरक्षित नागरिक आवास अनुदान प्राप्त गर्नको लागि तपसिल बमोजिमका कागजात पेश गर्नुपर्ने छ ।

(क) नेपाली नागरिकताको प्रतिलिपी

(ख) विगतदेखि सो स्थानमा स्थायी बसोबास गर्दै आएका प्रमाण

(ग) जग्गाधनी प्रमाण पुर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको भए सो सम्बन्धी कागजात वा आफु स्थायी रुपमा सो स्थानमा बसोबास गर्दै आएको खरको छाना भएको लक्षित परिवार भन्ने सम्बन्धित वडाको सिफारिस ।

**४. लाभग्राहीको छनौट प्रक्रिया :**

(क) सुरक्षित नागरिक आवास कार्यक्रमबाट अनुदान प्राप्त गर्न इच्छुक र मापदण्ड पुगेको सेवाग्राहीबाट अनुसुची २ बमोजिम ढाँचामा वडामा आवेदन दिन मर्चवारीमाई गाउँपालिकाबाट १५ दिनको सार्वजानिक सुचना जारी हुनेछ । यस

भन्दा अगाडी खरको छाना भएको लक्षित परिवार पहिचान भई स्वीकृत भएर आएकाहरु लाई पहिलो प्राथमिकता राखी कार्यक्रम संचालन गरिनेछ ।

(ख) उपदफा (क) बमोजिम पर्न आएका आवेदनहरु मध्येबाट लाभग्राही छनौट गर्नका लागि सम्बन्धित वडा समितिबाट सिफारिस भई आएको हुनु पर्ने छ ।

(ग) उपदफा (ख) बमोजिमका सुचकहरुबाट सबै भन्दा बढि अंक प्राप्त गर्ने घर परिवार पहिलो प्राथमिकतामा पर्ने गरि क्रमशः उच्च अंक प्राप्त सुचिको आधारमा विपन्न घर परिवारको छनौट गरि वडा समितिले गाउँपालिकामा सिफारिस गर्नुपर्ने छ ।

(घ) उपदफा (ग) बमोजिम खरको छाना भएको लक्षित घरपरिवार सिफारिस भइ आएपछि सोको आधारमा अन्तिम लाभग्राहीहरुको यकिन गरि कार्यक्रम कार्यान्वयन गर्ने कार्य दफा १० को उपदफा (क) बमोजिमको समितिले गर्नेछ ।

(ङ) लाभग्राही छनौट गर्दा वृद्ध एकल महिला दलित विपन्न अनाथ बालबालिका जंगली जनावरबाट निरन्तरता पिडित भई रहने तथा अपाङगता भएका घर परिवारलाई विशेष प्राथमिकता दिइनेछ ।

(च) संगोलमा रहेका परिवारले एउटै आवासमा मात्र अनुदान प्राप्त गर्न सक्नेछन ।

(छ) एकै परिवारलाई आवास प्रयोजनका लागि सरकारी कोषबाट दोहोरा सुविधा दिइनेछ। तर सरकारी कोष बाहेक अन्य संघ सस्था वा निकायबाट दिइनेछ। सहयोग वा समपुर कोषका लागि बाधा पुगेको मानिने छैन ।

## परिच्छेद ३

## अनुदान रकम तथा कार्यक्रम कार्यान्वयन सम्वन्धी व्यवस्था

### ५. अनुदान सम्झौता र वित्तीय प्रबन्ध

**(क)** सुरक्षित नागरिक आवासका लागि अनुदान प्राप्त गर्न छनौट भएका सहभागीहरुसंग अनुसुची १ बमोजिमको ढाँचामा  सम्झौता गरिनेछ ।

ख) सम्झौता गर्ने गराउने तथा खर्च सम्बन्धी सम्पूर्ण जिम्मेवारी गाउँपालिकाको योजना शाखाको हुनेछ ।

(ग)छनौट भएका लाभग्राहीले सम्वन्धित स्थानीय तहले सिफारिस गरेको बैंकमा खाता खोल्नु पर्नेछ र यसरी खोलिएको खातामा स्थानीय तहले अनुदान सम्झौता भईसकेका लाभग्राहीलाई जस्तापाता, काठ लगायतको निर्माण सामाग्री खरिद गर्न अनुदान वापतको रकम दुई किस्तामा उपलब्ध गराउनेछ ।

(घ) मर्चवारीमाई गाउँपालिका संग सम्झौता भएपछि पहिलो किस्ता वापत ६० प्रतिशत रकम उपलब्ध गराईनेछ र लाभग्राहीले सो रकम जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य अघि वढाउनको लागि खर्च गर्नु पर्नेछ ।

(ङ) पहिलो किस्ताको रकमबाट जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य सम्पन्न भएको भनी सम्वन्धित गाउँपालिकाको प्राविधिक शाखावाट प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा सम्वन्धित लाभग्राहीलाई दोस्रो तथा अन्तिम किस्ता ४० प्रतिशत अनुदान रकम उपलब्ध गराईनेछ ।

**६. अनुदान रकम असुल उपर गराइनेः- कुनै** व्यक्तिले झुठा विवरण पेश गरी अनुदान रकम लिएको पाईएमा वा जुन प्रयोजनका लागि अनुदान रकम उपलब्ध गराईएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाईएमा वा किस्ता बमोजिमको गर्नुपर्ने कार्य प्रगति अनुदान उपलब्ध गराईएको मितिले तीन महिना भित्र नगरेमा लाभग्राहीवाट अनुदान रकम स्थानीय तहले असुल उपर गर्नेछ ।

७. निर्माण सम्पन्न भएको मानिने मर्चवारीमाई गाउँपालिकाको प्राविधिक शाखाबाट प्रतिवेदन पेश गरेपछि निर्माण कार्य सम्पन्न भएको मानिनेछ ।

**६. निर्माण कार्य र लागत सहभागिता :**

क) लाभग्राही र गाउँपालिका बिच सम्झौत पश्चात गाउँपालिकाबाट उपलब्ध गराइएको डिजाईन इस्टिमेट बमोजिमको ढाँचामा जस्ता पाताले छाएको घर निर्माण गर्नुपर्नेछ ।

ख) उपदफा (क) बमोजिमको घरको कुल लागतमा गाउँपालिकाले सम्झौता बमोजिम उपलब्ध गराउने रकम बाहेक थप सेवाग्राही स्वमले लागत सहभागिता गर्नुपर्नेछ ।

ग) उपदफा (क) बमोजिमको ढाँचामा परिवर्तन गरी थप निर्माण गर्नुपर्ने भएमा गाउँपालिकाको पुर्व स्विकृत लिनुपर्नेछ ।

घ) उपदफा (क) बमोजिमको निर्माणको लागि प्राविधिक सहयोग मर्चवारीमाई गाउँपालिकाबाट उपलब्ध गराइनेछ ।

**९. अन्य निकायले सहयोग गर्ने :**

(क) सुरक्षित नागरिक आवास कार्यक्रमको थप विस्तारका लागि प्रदेश तथा संघीय सरकारमा प्रस्तावना योजना पेश गरी कार्यक्रम विस्तार गर्न सकिनेछ ।

(ख) सरक्षित नागरिक आवास कार्यक्रममा थप सहयोग र विस्तारका लागि विभिन्न संघसंस्था र दातु निकायसंग समन्वय र सहकार्य गरिनेछ ।

(ग) नेपाल सरकार र प्रदेश सरकारको पूर्वाधार तथा अन्य सेवासँग सम्बन्धित निकायहरुसँग कार्यक्रम संचालन क्षेत्रमा भौतिका सेवा तथा पूर्वाधार विस्तार तथा विकासका लागि कार्य संचालनका लागि सहयोग लिन सकिनेछ ।

## परिच्छ ४

## समिति सम्बन्धी व्यवस्था

**१०. पालिका स्तरिय सुरक्षित नागरिक आबास छनौट तथा कार्यान्वयन समितिः**

(क) कार्यक्रम संचालन सम्बन्धी आवश्यक व्यवस्था गर्न तथा कार्यक्रमको समन्वय, व्यवस्थापन अनुगमन मुल्यांङ्कन गर्नका लागि देहाय बमोजिमको एक सुरक्षित नागरिक आवास छनौट तथा कार्यान्वयन समिति रहनेछः

१. गाउँपालिका अध्यक्ष..........................................संयोजक

२. गाउँपालिका उपाध्यक्ष............................................सदस्य

३. प्रमुख प्रशासकीय अधिकत...................................सदस्य

४. कार्यपालिकाले तोकेका एक जना महिला सहित कार्यपलिकाका सदस्यहरु मध्येबाट दुई जना ..... सदस्य

५. प्राविधिक शाखा प्रमुख/प्राविधिक............................सदस्य

७. प्रशासन शाखा प्रमुख.................................. सदस्य

८. सामाजिक विकास शाखा प्रमुख................................ सदस्य

९. योजना शाखाको प्रमुख..................................सदस्य सचिव

उल्लेखित ९ सदस्यीय समिति भएतापनि कार्यपालिका महिला सदस्य र सम्बन्धित वडाको वडा अध्यक्षहरुलाई आवश्यकताको आधारमा बैठकमा बोलाउन सकिनेछ भने आवश्यकता अनुसार अन्य सम्बन्धीत कर्मचारीहरुलाई आमन्त्रीत सदस्यको रुपमा बैठकमा बोलाउन सकिनेछ ।

ख) गाउँ स्तरिय सुरक्षित नागरिक आवास छनौट तथा कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

**११. वडा स्तरीय सुरक्षित नागरिक आबास छनौट तथा कार्यान्वयन समितिः**

| | | |
|---|---|---|
| (१) | वडा अध्यक्ष | -संयोजक |
| (२) | वडा सदस्य | -सदस्य |
| (३) | वडा सदस्य | -सदस्य |
| (४) | वडा महिला सदस्य | -सदस्य |
| (५) | वडा दलिता महिला सदस्य | -सदस्य |
| (६) | वडा सचिव | -सदस्य सचिव |

**ख) पालिका स्तरिय सुरक्षित नागरिक आवास छनौट तथा कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

क) कार्यक्रम संचालन सम्बन्धी गाउँपालिकाको क्षेत्रमा कार्यान्वयन गरिने आवास संख्या निर्धारण गर्ने ।

ख) विपन्न आवास प्राप्त गर्न लाभग्राही छनौटका लागि सुचना आह्वान गर्ने ।

ग) प्राप्त दरखास्तहरुबाट दफा ४ बमोजिम छानविन गरी लक्षित घरधनिको सिफारिस गर्न वडालाई निर्देशन गर्ने ।

घ) गाउँपालिका तथा वडा तहबाट सिफारिस भई आएका लाभग्राही परिवारको अन्तिम टुंगो लगाउने

ङ) कार्यक्रम संचालनको क्रममा कुनै बाधा आईपरेमा फुकाउन सहजिकरण गर्ने ।

च) कुनै कारणवस निमार्ण कार्य सम्पन्न हुन नसकेमा सोको मुल्यांङ्कन गर्न लगाई उचित ठहरे बमोजिमको रकम फरफारक गर्ने १

छ। सुरक्षित नागरिक आवास निमार्ण कार्य र भौतिक पुर्वाधारका लागि सम्बन्धित निकायहरुसँग समन्वय सहकार्य र योजना माग गर्ने ।

ज) प्रशासन तथा योजना शाखा मार्फत लाभग्राही परिवारको सम्झौता गर्न / गराउन लगाई कार्यक्रम कार्यान्वयन गर्ने ।

झ। आवश्यक अनुसार अनुगमन मुल्यांङ्कन गरी सोको प्रतिवेदन तयार गर्ने ।

**ग) बैठक र सुविधा सम्बन्धी व्यवस्था**

१. सुरक्षित नागरिक आवास छनौट तथा कार्यान्वयन समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ ।

२. बैठकमा आवश्यकता अनुसार विज्ञ वा सम्बन्धित संस्थालाई आमन्त्रण गर्न सकिनेछ ।

३. सुरक्षित नागरिक आवास छनौट तथा कार्यान्वयन समितीका पदाधिकारीहरुको बैठक तथा अनुगमन खर्च कार्यपालिकाको बैठक सरह हुनेछ ।

## परिच्छ ५

### विविध

११. कन्टिन्जेन्सी खर्चको व्यवस्था :-

(क) कार्यक्रमको प्राविधिक व्यवस्थापन गर्न दुई प्रतिशत सम्म कन्टिन्जेन्सी वापत रकम छुट्याउन सकिनेछ र सो रकम मध्ये दुई प्रतिशत सम्म सम्वन्धित स्थानीय तहले तथा दुई प्रतिशत सम्म मर्चवारीमाई गाउँपालिका आयोजनाले खर्च गर्न सक्नेछ ।

(ख) कन्टिन्जेन्सी खर्चको बाँडफाँड गर्दा कार्यक्रम संचालन, समितिको बैठक संचालन, लागत ईष्टमेट, मूल्यांकन र अनुगमन, सुपरिवेक्षण, समिक्षा लगायतका कार्यमा मात्र छुट्याउन सकिनेछ ।

१२. **निर्देशन पालना गर्नु पर्ने** गाउँपलिका सुरक्षित नागरिक आवास समन्वय समितिले कार्यक्रम कार्यान्वयनको सिलसिलामा दिएको निर्देशन सम्वन्धित सवै वडाहरुले पालना गर्नु पर्नेछ ।

१३. **विवादको समाधानः** कार्यक्रम कार्यान्वयनको सन्दर्भमा कुनै विवाद उत्पन्न भएमा केन्द्रीय सुरक्षित नागरिक आवास समन्वय समितिबाट दिइने निर्णय अन्तिम हुनेछ ।

**१४. कारबाही हुने :** अनुदान कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले कुनै व्यक्तिले झुट्टा विवरण पेश गरेमा वा त्यस्तो व्यहोरा सिफारिस गरेको ठहर हुन आएमा त्यस्ता व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

**१५. सुविधा नपाउने** : नेपाल सरकारवाट भूकम्प पूनर्निर्माण, प्रकोप व्यवस्थापन वा जोखिम वस्ती स्थानान्तरण जस्ता कार्यक्रमवाट लाभान्वित लाभग्राहीलाई यस कार्यविधि बमोजिम अनुदान उपलब्ध गराईने छैन ।

## अनुसूची १
## लाभग्राहीहरूको छनौटका आधारहरू

| क्र. सं | विवरण | दिइने अङ्क | कैफियत |
|---|---|---|---|
| १ | हाल प्रयोगमा रहेको घरको क्षेत्रफल, वर्गफिटमा प्रतिव्यक्ति | ३० भन्दा कमलाई - १०<br>३० देखि ६० सम्म ५<br>६० भन्दा बढी -० | |
| २ | घरको गारो | • बाँस, चिरपट/कप्टेरो आदि वा त्यसमा पराल स्याउलाको टाटी-१०<br>• नमिलेको दुङ्गाको गारो. बाँस, कप्टेरो, भकारी आदिमा माटोले पोतेको तथा काठ/फल्याक, काँचो ईटामा माटोको जोर्नी-५<br>• मिलेको दुङ्गाको गारो तथा पाकेका ईटामा माटो सिमेन्टका जोर्नी -० | ५० प्रतिशत सम्ममा जेछ त्यसैलाई मान्ने |
| ३ | घरको छानो | • फुस, आसवेटस, स्याउला, प्लाष्टिक सिट आदि-१०<br>• खपडा, टायल ५<br>• ढलान्, कर्कट पाता ० | आसवेटस छाना स्वास्थ्यको लागि हानिकारक छ । |
| | जग्गाको स्वामित्व | • लालपूर्जा भएको वा गाउँब्लक (स्वामीत्व पाउन सकिने) वा स्थानीय तहको सिफारिस (स्वबासी र विवाद रहित) १० | |

| क्र. सं | विवरण | दिइने अङ्क | कैफियत |
|---|---|---|---|
| | | • नदी/ताल किनारामा बसोबास गरेको -० | |
| | घरमूलीको हकमा | • अति विपन्न, असहाय, असक्त, वृद्धवृद्धा, अनाथ बालबालिका, एकल महिलाजस्ता घरमूली लाभग्राही भएका -१०<br>• अन्य ० | |

नोट : (१) ढलान र जस्तापाताले छाएको छाना भएको आवास धनी घरपरिवारलाई यस कार्यविधि अन्तर्गत लाभग्राहीको रुपमा समावेस गरिने छैन ।

(२) प्रकोपका कारण घरवार विहिन भएका घरपरिवारलाई दफा ४ को उपदफा (२) बमोजिम पहिलो प्राथमिकतामा राखिनेछ र यस अनुसूची बमोजिम मूल्याङ्कन गरिने छैन ।

(३) गरिबीको रेखामुनी रहेका आफैले सुरक्षित आवास निर्माण गरिरहेको हकमा उपरोक्त अनुसूची बमोजिम मूल्याङ्कन गरिने छैन । स्थानीय तहको सिफारिसको आधारमा सुरक्षित नागरिक आवास समन्वय समितिले लाभग्राही छनौट गर्नेछ ।

## (अनुसूची २

## सुरक्षित नागरिक आवास निर्माणको लागि लाभग्राहीसंग गरीने अनुदान सम्झौता-पत्र (घर बनाउने वा छाना छाउने)

| | |
|---|---|
| **सर्वेक्षण घरधनी क्रम संख्या** | |
| **सम्झौता क्रमाङ्क संख्या** | |

पराल तथा खरको छाना भएको घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी आवास निर्माणका लागि रुपन्देही जिल्ला मर्चवारीमाई गाउँपालिका वडा नं...........गाँउ/टोलको लाभग्राही श्री.......................................................................................(यस पछि प्रथम पक्ष भनिने) र मर्चवारीमाई गाउँ कार्यपालिकाको कार्यालय खैरा, रुपन्देही (यस पछि दोस्रो पक्ष भनिने) बीच देहाय बमोजिमका शर्तहरुको अधिनमा रही नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम सुरक्षित नागरिक आवास निर्माण गर्न गराउन मिति..............................गतेका दिन यो अनुदान सम्झौता पत्रमा सही छाप दस्तखत गरेका छौं ।

..............................................................बस्ने
श्री......................................................को नाती/नातीनी/बुहारी
श्री............................................................को छोरा/छोरी/श्रीमती
वर्ष............

**प्रथम पक्ष (लाभग्राही) ले मञ्जुर गरेका शर्तहरूः-**

१. मेरो घर पराल तथा खरको छाना रहेको ठीक साँचो हो । मैले मेरो घर पराल तथा खरको छाना रहेकोले सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ एवं सम्झौता पत्रमा उल्लिखित शर्त अनुरुप बनाउनेछु ।

२. निर्माण सामाग्रीको खरिद गर्ने तथा डकर्मी, सिकर्मी, प्लम्बर, इलेक्ट्रिसियन र अन्य निर्माण कार्य गर्ने निर्माणकर्मी तथा श्रमिक जुटाउने एवं काममा लगाउने जिम्मेवारी मेरो हुनेछ ।

३. मैले प्राप्त गर्ने सुरक्षित नागरिक आवास पुनर्निर्माण अनुदान रकम घरको छानाका लागि आवश्यक सामाग्री जस्तापाता, सहुलियत दरको काठ लगायतका सामाग्रीका लागि मात्र खर्च गर्नेछु ।

४. मैले तोकिएको बैंकमा खोलिएको खातामार्फत अनुदान रकम रु ....................
(अक्षरुपी मात्र) .................................................................................
प्राप्त गर्नेछु ।

५. मैले पहिलो किस्ता वापत ६०% रकम प्राप्त गर्नेछु । सो रकम जस्तापाता र सहुलियत दरको काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य अघि बढाउनको लागि खर्च गर्नेछु ।

६. मैले पहिलो किस्ताको रकमबाट जस्तापाता र काठ लगायतको निर्माण सामाग्री खरिद गरी निर्माण कार्य सम्पन्न भई प्राविधिक प्रतिवेदन प्राप्त भई आएपछि दोस्रो तथा अन्तिम किस्ता वापत ४०% रकम प्राप्त गर्नेछु ।

७. माथि उल्लेखित व्यहोरा ठीक साँचो हो। झुट्टा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

**दोस्रो पक्ष (मर्चवारीमाई गाँउ कार्यपालिकाको कार्यालय खैरा, रुपन्देही) ले मञ्जुर गरेका शर्तहरु**

प्रथम पक्षबाट उल्लेखित शर्तहरु पुरा भएको अवस्थामा निम्न अनुसारको सुरक्षित नागरिक आवास निर्माण अनुदान दोस्रो पक्षले बैंकमार्फत उपलब्ध गराउनेछ ।

| प्रथम पक्ष (लाभग्राही) | |
|---|---|
| (क) लाभग्राहीको व्यक्तिगत विवरण | |
| लाभग्राहीको नाम, थर (अंग्रेजीमा):.................................................................<br><br>लाभग्राहीको नाम, थर (नेपालीमा):.................................................................<br><br>नागरिकतामा उल्लेखित ठेगाना<br><br>जिल्लाः रुपन्देही गाउँपालिकाः मर्चवारीमाई वडा नं.........<br><br>ना.प्र.नं.................................................<br><br>जारी जिल्ला......................................जारी मिति.......................................<br><br>जन्म मिति.......................................... सम्पर्क नं................................... | |
| स्थायी ठेगाना र नागरिकता उल्लेखित ठेगाना फरक भएमा<br>(बसाइसराइको विवरण उल्लेख गर्ने)<br>बसाइसराइ प्रमाणपत्र नं.........................................<br>बसाइसराइ मिति................................................. | |
| लाभग्राहीको फोटो | |
| सम्झौता पत्रमा हस्ताक्षर गर्ने अधिकार मञ्जुरी प्राप्त व्यक्तिको विवरण<br>(लाभग्राही उपस्थित हुन नसकेको अवस्थामा निजको प्रतिनिधि) | |

| |
|---|
| **संरक्षक/अधिकार/मजुरी प्राप्त व्यक्तिको नाम, थर** ....................................... |
| **स्थायी ठेगाना**<br>**जिल्लाः** रुपन्देही **गाउँपालिकाः** मर्चवारीमाई **वडा नं**.............<br>**गाउँ/टोल**.....................................<br>**ना.प्र.नं**.....................................................**जारी**<br>**जिल्ला**...............................................<br>**जारी मिति**..................................... **जन्म मिति**.............................. |
| **बाजेको नाम, थरः**..........................................................................<br>**बाबुको नाम, थरः**........................................................................<br>**लाभग्राहीसँगको नाता** :.................................................................<br>**सम्पर्क फोन नं.** :......................................................................... |
| **लाभग्राही/संरक्षक/अधिकार प्राप्त व्यक्तिको औंठा छाप**<br>**दायाँ** \| **बायाँ**<br>लाभग्राही/संरक्षक/अधिकार प्राप्त व्यक्तिको हस्ताक्षरः........................<br>मितिः....................................... |
| **(ख) बैंक खाता विवरण (तोकिएको बैंकमा खाता खोलेकोमा विवरण उल्लेख गर्ने)**<br>बैंक खाता नं. :............................................................<br>खातावालाको नाम, थर :.................................................. |

<table>
<tr><td colspan="2">बैंकको नाम :..............................................................<br><br>शाखा :......................................................................</td></tr>
<tr><td colspan="2">(ग) घर निर्माण हुने जग्गाको विवरणः<br>कित्ता<br>नं..........................................................क्षेत्रफल..............................<br>....................वर्ग मिटर<br>ठेगानाः जिल्ला रुपन्देही गाउँपालिका मर्चवारीमाई वडा नं...........................</td></tr>
<tr><td colspan="2">(घ) इच्छाएको व्यक्तिको नाम, थरः................................................<br><br>लाभग्राहीसँगको नाता :.............................................................</td></tr>
<tr><td colspan="2">(ङ) साक्षीको नाम, थरः..............................................................<br><br>हस्ताक्षर :..........................................................................</td></tr>
<tr><td>दोश्रो पक्ष ( मर्चवारीमाई गाँउ कार्यपालिकाको कार्यालय खैरा, रुपन्देही)<br>हस्ताक्षर :...................................................<br>अधिकार प्राप्त कर्मचारीको नामः...............................<br>पद :.............................................<br>मितिः..............................................</td><td>कार्यालयको<br><br>छाप</td></tr>
</table>

**आवश्यक कागजातहरु**

१. लाभग्राहीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

२. जग्गाधनीको दर्ता प्रमाण पुर्जाको प्रतिलिपि

३. लाभग्राहीको पासपोर्ट साइजको फोटो ।

## अनुसूची-३

## प्राविधिक प्रतिवेदन

**श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,**
**मर्चवारीमाई गाँउ कार्यपालिकाको कार्यालय**
**खैरा, रुपन्देही ।**

**विषय : प्राविधिक प्रतिवेदन पेश गरेको वारे ।**

उपरोक्त सम्वन्धमा देहायको विवरणहरु सहित प्राविधिक प्रतिवेदन पेश गरेको छु ।

लाभग्राहीको नाम :...........................................................

लाभग्राहीको क्रमसंख्या :....................................................

लाभग्राहीको सम्झौताको क्रमसंख्या :

(जुन अवस्था हो सो मा ☑ रेजा लगाउने)

हालको अवस्था : ☐ सामान साईटमा उपलब्ध भएको (दोस्रो किस्ताको लागि)

☐ कार्य सम्पन्न (कार्य सम्पन्नको हकमा)।

सिफारिसः संलग्न फोटो बमोजिम कार्य भएकोले

☐ अनुदानको दोस्रो किस्ता उपलब्ध गराउन सिफारिस गर्दछु ।

☐ निर्माण सम्पन्न भएको व्यहोरा सिफारिस गर्दछु ।

**(नोटः- प्रगतिको अवस्था देखिने गरी हालको फोटो प्रतिवेदनसँग संलग्न गर्ने।)**

प्रतिवेदकको :-........................................

दस्तखत :...............................................

नाम, थर :.............................................

पदः..................................................

मिति.....................................

**साक्षी/रोहवरः**

## अनुसुचि ४

## लाभग्राहीले दिने निवेदनको ढाँचा

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
खैरा, रुपन्देही ।

**विषय : सुरक्षित नागरिक आवास निर्माण सम्वन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा "सुरक्षित नागरिक आवास कार्यक्रम" मर्चवारीमाई गाउँपालिका खैरा,रुपन्देहीवाट मिति............................ मा प्रकाशित सुचना बमोजिम " कार्यान्वयन कार्यविधि, २०८२" अनुसार लक्षित वर्ग एवं लाभग्राहीको छनौटका आधारहरु (Criteria) भित्र आफु पनि पर्ने भएकोले मेरो पनि घरको स्थलगत निरिक्षण गरी मेरो घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी बसोबासको व्यवस्था मिलाई दिन हुनको लागि तपसिलका कागजातहरु यसै निवेदन साथ संलग्न गरी यो निवेदन पेश गरेको छु। मैले पेश गरेको प्रमाणहरु सही छ, झुठा ठहरे कानून बमोजिग सहुँला बुझौला ।

**तपसिलः**

| क्र.स. | संलग्न कागजातहरुको विवरण | कैफियत |
|---|---|---|
| १ | नागरीकता प्रमाणपत्रको प्रतिलिपि वा मतदाता परिचयपत्रको प्रमाणित प्रतिलिपि । | छ ☐ /छैन ☐ |
| २ | लाभग्राही बसोबास गर्दै आएको घरको छाना पराल खर/स्याउला/आसवेसटस आदि आगो, पानी तथा हुरीवाट सहजै प्रभावित हुन सक्ने सामाग्रीवाट छाएको प्रमाणित प्रतिलिपि । | छ ☐ /छैन ☐ |
| ३ | गरिबीको रेखामुनी रहेका आफैले सुरक्षित आवास निर्माण गर्न चाहेको तथा निर्माण गरिरहेको घरपरिवार भएको प्रमाणित प्रतिलिपि । | छ ☐ /छैन ☐ |
| ४ | जग्गाधनी प्रमाण पूर्जा वा बिजुली, घरबास प्रमाणको प्रतिलिपि वा वडा कार्यालयवाट चार किल्ला फिफारिस भएको प्रमाणित प्रतिलिपि । | छ ☐ /छैन ☐ |

| | | |
|---|---|---|
| ५ | विगत देखी त्यस स्थानमा स्थाई बसोबास गर्दै आएको प्रमाणको प्रमाणित प्रतिलिपि । | छ☐/छैन ☐ |
| ६ | प्रकोपका कारण घरवारविहीन भएको हकमा गाउँपालिका वा वडा कार्यालयको सिफारिसको प्रमाणित प्रतिलिपि । | छ☐/छैन ☐ |
| ७ | गरीवीको रेखामुनी गरीवी परिचय-पत्र वा गाउँपालिका वा वडा कार्यालयको सिफारिसको प्रमाणित प्रतिलिपि । | छ☐/छैन ☐ |
| ८ | विवरण खुल्ने अन्य कुनै प्रमाण भए सोको प्रमाणित प्रतिलिपि । | छ☐/छैन ☐ |

**निवेदकको :**

**सही:...............................**

**नाम थरः......................................**

**बुवा/पति/पत्नीको नाम.................................**

**बाजे ससुराको नामः....................................**

**ठेगाना मर्चवारीमाई गाउँपालिका वडा नं.........**

**टोल..........................**

**सम्पर्क मोवाईल नं..........**

**व्यहोरा ठिक साचो हो भनि**

| निवेदकको औंठा छाप | |
|---|---|
| **दाँया** | **बाँया** |
| | |

सिफारिस गर्ने :

हस्ताक्षर :

गा.पा.अध्यक्ष/वडा अध्यक्ष :

नोट : एउटै चुल्होमा पकाएर खानाखाने तथा एउटै घरको छाना मुनी बस्ने परिवारका सबै सदस्यरुलाई सगोलका परिवार मानिनेछ । खाना पकाउने अर्को चुल्हो भएको र छुट्टिएर अर्को घरमा बसेकाहरुलाई सगोलको परिवार मानिंदैन । एउटा सगोलको परिवारले एउटा फर्म मात्र भर्न पाईनेछ । झुटो विवरण पेश गरेको पाईएमा सो कार्यक्रमवाट बंचित गरी कानूनी कारवाही गरिनेछ ।

## अनुसुचि ५

सुरक्षित नागरिक आवास कार्यक्रम

लाभग्राही सर्वेक्षण फारम

(आ.व........./..........को नयाँ कार्यक्रम)

मर्चवारीमाई गाउँपालिका खैरा, रुपन्देही

| | |
|---|---|
| १. सर्वेक्षण घरधनी क्रम संख्या | |
| व्यक्तिगत विवरण | |
| **नाम, थर (अंग्रेजीमा):...........................................**<br>**नाम, थर**<br>**(नेपालीमा):...............................................**<br>**ठेगानाः मर्चवारीमाई गाउँपालिका वडा नं..........**<br>**गाउँ/टोलः.......................................................** | बाबु/पतिको नाम, थरः............<br>बाजे/ससुराको नाम, थर..........<br>सम्पर्क फोन नं.: |

क. निवेदकसंग तपशिल बमोजिमको कुन प्रमाण छ, सोमा चिन्न लागाउने ।

| **क्र.स.** | **संलग्न कागजातहरुको विवरण** | **कैफियत** |
|---|---|---|
| १ | नागरीकता प्रमाणपत्रको प्रतिलिपि वा मतदाता परिचयपत्रको प्रमाणित प्रतिलिपि । | छ ☐/छैन ☐ |
| २ | लाभग्राही बसोबास गर्दै आएको घरको छाना पराल खर/स्याउला/आसवेसटस आदि आगो, पानी तथा हरीवाट सहजै प्रभावित हुन सक्ने सामाग्रीवाट छाएको प्रमाणित प्रतिलिपि । | छ ☐/छैन ☐ |
| ३ | गरिबीको रेखामुनी रहेका आफैले सुरक्षित आवास निर्माण गर्न चाहेको तथा निर्माण गरिरहेको घरपरिवार भएको प्रमाणित प्रतिलिपि । | छ ☐/छैन ☐ |
| ४ | जग्गाधनी प्रमाण पूर्जा वा बिजुली, घरबास प्रमाणको प्रतिलिपि वा वडा कार्यालयवाट चार किल्ला फिफारिस भएको प्रमाणित प्रतिलिपि । | छ ☐/छैन ☐ |

| | | |
|---|---|---|
| ५ | विगत देखी त्यस स्थानमा स्थाई बसोबास गर्दै आएको प्रमाणको प्रमाणित प्रतिलिपि । | छ ☐/छैन ☐ |
| ६ | प्रकोपका कारण घरवारविहीन भएको हकमा गाउँपालिका वा वडा कार्यालयको सिफारिसको प्रमाणित प्रतिलिपि । | छ ☐/छैन ☐ |
| ७ | गरीवीको रेखामुनी गरीवी परिचय-पत्र वा गाउँपालिका वा वडा कार्यालयको सिफारिसको प्रमाणित प्रतिलिपि । | छ ☐/छैन ☐ |
| ८ | विवरण खुल्ने अन्य कुनै प्रमाण भए सोको प्रमाणित प्रतिलिपि । | छ ☐/छैन ☐ |

**२. हाल उपभोग/बसोवास गरिरहेको घरको विवरण :**

क. निवेदकले प्रयोग गरिरहेको घरको संख्याः

ख. घरको लम्बाई.........................घरको चौडाई.........................घरको क्षेत्रफल................वर्गफिट

**३. घरको गारो/पर्खालको किसिम (५० प्रतिशत सम्ममा जेछ त्यसैलाई मान्ने):**

क. बाँस, चिरपट/कप्टेरो आदि वा त्यसमा पराल / स्याउलाको टाटी

ख. नमिलेको दुङ्गाको गारो, बाँस, कप्टेरो, भकारी आदिमा माटोले पोतेको तथा काठ/फल्याक,
काँचो ईटामा माटोको जोर्नी

ग. मिलेको दुङ्गाको गारो तथा पाकेका ईंटामा माटो/सिमेन्टका जोर्नी

**४. घरको छानाको किसिम :**

क. फुस, आसवेटस, स्याउला, प्लाष्टिक सिट आदि

ख. खपडा, टायल

ग. ढलान, कर्कट पाता

**५. जग्गाको स्वामित्व :**

क. लालपुर्जा भएको वा गाँउब्लक (स्वामित्व पाउन सकिने) वा स्थानीय निकायको सिफारिस (स्वाबासी र विवाद रहित जग्गा)

ख. नदी/नहर/ताल किनारमा बसोवास गरी रहेको

**६. घरमूलीको हकमाः**

क. अति विपन्न, असहाय, असक्त, वृद्धवृद्धा, अनाथ बालबालिका, एकल महिलाजस्ता घरमूली

लाभग्राही भएका

ख. आन्य

(माथी उलेलेखित सम्पूर्ण विवरण एवं जानकारीहरु साँचो हुन, उक्त विवरण म आफै राजिखुसी साथ यथार्थ रुपमा कुनै दवाव विना दिएको हुँ । यसमा झुठा ठहर भएमा कानून बमोजिम सहुँला, बुझाउँला भनी यस सर्वेक्षण फारम सहि गर्ने ।)

लाभग्राहीको :

सहीः

नाम घर............

सम्पर्क मोवाईल नं.:

| निवेदकको औंठा छाप | |
|---|---|
| दाँया | बाँया |
| | |

**नोटः** सगोलको परिवारका सबै व्यक्तिहरुको लागि एउटै लाभग्राही सर्वेक्षण फर्म मात्र भर्न पर्नुछ। परिवारसंग छुट्टिएर बसेको भए सम्पति अंशवण्डा भएको प्रमाण वा गाँउपालिका/नगरपालिकको प्रमाण पेश गर्नुपर्नेछ । एउटै चुल्होमा पकाएर खानाखाने तथा एउटै घरको छाना मुनी बस्ने परिवारका सबै सदस्यरुलाई सगोलका परिवार मानिनेछ । खाना पकाउने अर्को चुल्हो भएको र छुट्टिएर अर्को घरमा बसेकाहरुलाई सगोलको परिवार मानिदैन। सर्वेक्षणकर्ताले निवेदको घरको स्थलगत निरिक्षण गरी हाल प्रयोग गरिरहेको घर एवं जग्गाको बास्तविक सत्य तथ्य अनुसार मात्र फर्म भर्नु पर्नेछ । सम्बन्धित गाँउपालिका/नगरपालिका कार्यालयले पनि

सत्यतथ्यको आधारमा रही मात्र सगोल परिवार भए/नभएको सिफारिस गर्नुपर्नेछ । झुटो विवरण पेश गरेको पाईएमा सो कार्यक्रमवाट बंचित गरी कानूनी कारवाही गरिनेछ ।

सर्वेक्षणकर्ताको :

**साक्षी/रोहवरः**

सहीः..................................

नाम थर ..............

पद :..........................

कार्यालयको नाम

**आज्ञाले**

**उपमन्यू त्रिपाठी**

**प्रमुख प्रशासकीय अधिकृत**